मधेश प्रदेश सरकार
# अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

फोन नं. ०४१-५२१५९८, ५२३०२८
इमेलः info.moeap@p2.gov.np
वेब साईटः www.mof.madhesh.gov.np

पत्र संख्या : २०८२/८३
चलानी नं.:

मितिः........................

आर्थिक वर्ष २०८२/८३ का लागि मधेश प्रदेशबाट स्थानीय तहलाई प्रदान हुने विशेष अनुदान र समपुरक अनुदान तर्फ आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

**प्रकाशित मिति २०८२/१२/१९**

चालु आर्थिक वर्ष २०८२/८३ का लागि मधेश प्रदेश सरकारबाट स्थानीय तहमा उपलब्ध हुने विशेष अनुदान र समपुरक अनुदान सम्बन्धी आयोजना तथा कार्यक्रम मधेश प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७८ र मधेश प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७८ बमोजिम देहायको शर्तको अधीनमा रही आयोजना तथा कार्यक्रमको प्रस्ताव रीतपूर्वक पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

१. आयोजना तथा कार्यक्रमको प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र स्थानीय तहले अनुसूचि १ बमोजिमको ढाँचामा यस मन्त्रालयको विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा वा सम्बन्धित स्थानीय तहको आधाकारिक इमेलबाट यस मन्बालयको देहायको सम्बन्धित इमेल मार्फत पेश गर्नु पर्नेछ । अन्य इमेलबाट प्राप्त प्रस्ताव उपर कुनै कार्यवाही हुने छैन ।

    विशेष अनुदानका लागि biseshanudan.mof.mp@gmail.com
    समपुरक अनुदानका लागि sampurak.madhesh@gmail.com

२. प्रदेश सभाबाट स्वीकृत बजेट सीमा बमोजिम विशेष अनुदान तर्फ प्रत्येक गाउँपालिकाको हकमा रु.पच्चिस लाख, प्रत्येक नगरपालिकाको हकमा रु. तीस लाख, प्रत्येक उपमहानगरपालिकाको हकमा रु. पैतिस लाख र महानगरपालिकाको हकमा रु. चालिस लाख त्यसैगरी समपुरक तर्फ प्रत्येक गाउँपालिकाले रु. पच्चिस लाख, प्रत्येक नगरपालिकाले रु. तीस लाख, प्रत्येक उपमहानगरपालिकाले रु. पैतिस लाख र महानगरपालिकाले चालिस लाख बजेटको परिधिभित्र रहि आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्नु पर्नेछ ।

३. आयोजनाको कूल लागत रु. पच्चिस लाखभन्दा कम भएको आयोजना तथा कार्यक्रमको प्रस्ताव स्वीकार्य हुने छैन ।

४. स्थानीय तहले तत-तत कार्यविधिको दफा ३ बमोजिमको क्षेत्रभित्रका आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्नु पर्नेछ।

५. आयोजना प्रस्ताव गर्दा स्थानीय तहको आफ्नै स्रोत, अन्य अनुदान तथा स्रोतबाट संचालनमा रहेका आयोजनामा दोहोरो नपर्ने खालका योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नुपर्नेछ ।

६. समपुरक अनुदान तर्फको आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्न पाइने छैन ।

७. यस सूचनामा उल्लेख नभएको विषयको हकमा मधेश प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७८ र मधेश प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७८ तथा प्रचलित कानुनमा भएको व्यवस्था बमोजिम हुनेछ ।

रविन्द्र रवाल
शाखा अधिकृत